नेपाल सरकार
गृह मन्त्रालय

फोन नं. :०५३-५५०१३३
:०५३-५५०१६६
फ्याक्स :०५३-५५०००

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

बारा,
कलैया, नेपाल।

पत्र संख्याः-२०७९/८०
चलानी नं..

## सार्वजनिक स्थानमा धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन नगर्ने, नगराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

(मितिः-२०८०/०२/२२)

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) ऐन, २०६८ को दफा ४ अनुसार सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्न नहुने कानूनी व्यवस्था गरेको छ । यस सम्बन्धमा देहाय वमोजिम जरुरी सूचना जारी गरिएको छ ।

१ देहाय बमोजिमको सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन नगर्ने, नगराउनेः-

- राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,
- शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था,
- विमान स्थल, वायुसेवा तथा सार्वजनिक सवारी साधन,
- बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा कल्ब,
- सार्वजनिक शौचालय,
- उद्योग तथा कल कारखानाका कार्यस्थल,
- चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाटयशाला,
- होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह,
- रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,
- डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,
- धर्मशाला तथा धार्मिक स्थल
- सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

२ नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटर भित्रको पसलबाट सूर्तिजन्य पदार्थ विक्री वितरण नगर्ने, नगराउने ।

३ अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ वितरण नगर्ने, नगराउने ।

४ सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ सेवन गरी गराई यस सूचनाको पालना नगरेमा उक्त ऐनको दफा १७ बमोजिम कडा कारवाही गरिने व्यहोरा जानकारी गराईन्छ ।

५ सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन नगर्ने, नगराउने कार्यमा सुरक्षाकर्मी, सामुदायिक संस्था तथा आम नागरिकबाट आवश्यक जागरुकता, सचेतना र सहकार्य गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

२०८०/०२/२२
..............................
(नवराज सापकोटा)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी